# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय

कमलपोखरी, काठमाडौं


**सम्माननीय राष्ट्रपतिज्यूसमक्ष लोक सेवा आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेश गरिएको**

## प्रेस विज्ञप्ती

लोक सेवा आयोगले सम्वत् २०८२ साल असोज ५ गते आइतबारका दिन सम्माननीय राष्ट्रपतिज्यूसमक्ष आर्थिक वर्ष २०८१/०८२ मा सम्पादन गरेका कार्यहरु समेटी वार्षिक प्रतिवेदन पेश गरेको छ। नेपालको संविधानको धारा २९४ मा संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। साथै लोक सेवा आयोग ऐन, २०७९ को दफा ४३ मा आयोगले आफूले गरेका कामकारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने र प्रतिवेदनमा उल्लेख गर्नुपर्ने कुराहरु सम्बन्धी व्यवस्था गरिएको छ। संविधानमा व्यवस्था भए अनुरुप लोक सेवा आयोगले विक्रम सम्वत् २०१६ सालदेखि हरेक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रप्रमुखसमक्ष पेश गर्दै आएको छ। राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने संवैधानिक व्यवस्था रहेको छ। आयोगबाट आर्थिक वर्ष २०८१/०८२ को कामकारबाही समेटी प्रस्तुत भएको यो प्रतिवेदन छैयसट्ठीऔं वार्षिक प्रतिवेदन हो।

आयोगका तर्फबाट वार्षिक प्रतिवेदन पेश गर्दै आयोगका अध्यक्ष माधव प्रसाद रेग्मीले प्रतिवेदनमा समावेश भएका विषयका बारेमा विवरण प्रस्तुत गर्नुभयो। प्रतिवेदन ग्रहण गर्दै सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले आयोगबाट सम्पादित कामकारवाहीको प्रशंसा गर्दै आयोगले नेपालको सार्वजनिक सेवामा उपयुक्त जनशक्ति उपलब्ध गराई पुर्‍याएको योगदानप्रति धन्यवाद व्यक्त गर्नुभयो। साथै उहाँले नेपाली जनताको आस्था र विश्वासको धरोहरका रुपमा रहेको लोक सेवा आयोगले अझै सुदृढ र प्रभावकारी तरिकाले कार्यसम्पादन गर्नेछ भन्ने अपेक्षा र विश्वास व्यक्त गर्नुभयो।

वार्षिक प्रतिवेदनमा आयोगको कार्यसम्पादनका आधारहरु, प्रशासनिक तथा वित्तीय स्थिति, विज्ञापन र दरखास्तसम्बन्धी विवरण, परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम निर्धारण सम्बन्धमा आयोगबाट भए गरेका कार्यहरु, परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता तथा सिफारिस, समावेशी पदपूर्ति, सुरक्षा निकाय तथा सङ्गठित संस्थाको पदपूर्तिका लागि सञ्चालन भएका लिखित परीक्षा तथा लिखित परीक्षाबाट उम्मेदवार छनौट भएको विवरण, विभिन्न सेवा, शर्तसम्बन्धी कानूनमा दिइएको परामर्श र बढुवा सम्बन्धी विषयमा आयोगबाट भएका निर्णयउपर परेका उजुरी सम्बन्धी विवरण समावेश हुनुका साथै आयोगबाट विगत चार वर्षका वार्षिक प्रतिवेदनमा प्रस्तुत सुझाव र तिनको कार्यान्वयनको स्थिति तथा सार्वजनिक सेवामा गर्नुपर्ने सुधारलगायत विषयमा सुझावहरु प्रस्तुत गरिएको छ।

आर्थिक वर्ष २०८१/०८२ को अवधिमा आयोगबाट सम्पादन भएका मुख्य–मुख्य कार्यहरुः

- ❖ विभिन्न सेवा सञ्चालन गर्ने निकायहरूबाट रिक्त पदपूर्तिका लागि आयोगमा माग भए अनुरूप प्रतिवेदन अवधिमा ४ सय ९६ ओटा बढुवा विज्ञापन, १ सय ४१ ओटा आन्तरिक प्रतियोगितात्मक परीक्षा, २ सय ८६ ओटा खुला प्रतियोगितात्मक परीक्षा र ५ सय ९० ओटा विभिन्न समावेशी समूहका गरी जम्मा १ हजार ५ सय १३ ओटा विज्ञापन तथा बढुवा सूचनाहरू प्रकाशन गरिएको छ। उक्त विज्ञापनबाट बढुवातर्फ (आ.प्र. बाहेक) १ हजार ५०, आन्तरिक प्रतियोगितातर्फ ३ सय ३२, खुला प्रतियोगितातर्फ ९ सय ५० तथा महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका समावेशी प्रतियोगितातर्फ जम्मा ८ सय ४९ गरी कुल ३ हजार १ सय ८१ पदका लागि दरखास्त माग गरिएको थियो ।
- ❖ प्रतिवेदन अवधिमा प्रकाशित आन्तरिक, खुला तथा समावेशी समूहका विज्ञापनका लागि आयोगको अनलाइन दरखास्त प्रणालीमा कुल ४ लाख ५९ हजार ८ सय ३४ दरखास्त प्राप्त भएका छन्। विगत वर्षहरूमा जस्तै आर्थिक वर्ष २०८१/०८२ मा पनि मुलुकका सबै जिल्लाबाट दरखास्त परेका छन्। सबैभन्दा बढी दरखास्त पर्ने पाँच जिल्लाहरू क्रमशः सर्लाही (१८,४४२), धनुषा (१५,७८४), बारा (१५,७३७), महोत्तरी (१५,४५२) र रौतहट (१४,७५३) रहेका छन्। उक्त पाँच जिल्लाबाट कुल ८० हजार १ सय ६८ (१७.४३ प्रतिशत) दरखास्त परेका छन्। त्यस्तै सबैभन्दा न्यून दरखास्त पर्ने पाँच जिल्लामा क्रमशः मनाङ (१५), मुस्ताङ (५३), रसुवा (३३४), रुकुम पुर्व (७६६) र डोल्पा (१०१४) रहेका छन्। यी जिल्लाबाट कुल २ हजार १ सय ८२ अर्थात् कुल दरखास्तको ०.४७ प्रतिशतमात्र दरखास्त परेका छन्। यस वर्ष दरखास्त दिने उम्मेदवारहरूको औसत उमेर २८ वर्ष रहेको छ। आयोगबाट प्रकाशित निजामती सेवातर्फका ३ हजार १ सय ८१ विज्ञापनमध्ये विभिन्न ४४ ओटा विज्ञापनमा कुनै पनि दरखास्त परेनन् ।
- ❖ प्रतिवेदन अवधिमा निजामती सेवातर्फ सञ्चालित विभिन्न लिखित परीक्षाहरूमा प्रथम चरणमा ६२ हजार ९ सय ६२ महिला र ७४ हजार ३ सय ७१ पुरुष गरी जम्मा १ लाख ३७ हजार ३ सय ३३ र द्वितीय चरणको मूल परीक्षामा १७ हजार ७ सय ३५ महिला र ३५ हजार ८ सय ८६ पुरुष गरी दुवै चरणमा कुल १ लाख ९० हजार ९ सय ५४ उम्मेदवार सम्मिलित भएका छन्। परीक्षामा अनियमितता गर्ने सात महिला र ४४ पुरुष गरी जम्मा ५१ उम्मेदवार कारबाहीमा परेका छन् ।

- प्रतिवेदन अवधिमा निजामती सेवातर्फ २ हजार ५ सय ८३ जना र राष्ट्रिय मानव अधिकार सेवातर्फ नौं जना गरी कुल २ हजार ५ सय ९२ जना उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्। सो मध्ये महिला ९ सय २ जना र पुरुष १ हजार ६ सय ९० जना रहेका छन्।
  - सिफारिस भएका कुल २ हजार ५ सय ९२ उम्मेदवारमध्ये आर्थिक वर्ष २०७६/०७७, २०७७/०७८, २०७९/०८०, २०८०/०८१ र २०८१/०८२ मा भएका विज्ञापनबाट क्रमशः एक, ४४, २ सय ४६, २ हजार ६३ र २ सय ३८ उम्मेदवार रहेका छन्। सम्मानित अदालतको आदेशले स्थगित भएका अघिल्ला वर्षका विज्ञापनको पदपूर्तिको कार्यसमेत प्रतिवेदन अवधिमा सूचारू गरी सिफारिस गरिएको छ।
  - सबैभन्दा बढी उम्मेदवार सिफारिस हुने पाँच जिल्लामा क्रमशः जुम्ला (११५), स्याङ्जा (९२), गुल्मी (८०), धनुषा (७२) र काठमाडौं (७१) रहेका छन्। जिल्लागत आधारमा मुस्ताङ जिल्लाबाट एक जना मात्र उम्मेदवार सिफारिस भएका छन्। मनाङ जिल्लाबाट यस वर्ष कुनै पनि उम्मेदवार सिफारिस हुन सकेनन्। यस वर्ष सिफारिस हुने उम्मेदवार (आन्तरिक प्रतियोगितासमेत) को औसत उमेर २९ वर्ष रहेको छ।
- आयोगले वि.सं. २०६४ सालदेखि प्रचलित कानुनमा तोकिएका समावेशी समूहका उम्मेदवारबीच प्रतिस्पर्धा गराई पदपूर्ति गर्दै आएको छ। आर्थिक वर्ष २०८१/०८२ को अवधिमा विभिन्न छ समावेशी समूहबाट कुल ८ सय ४९ पदका लागि विज्ञापन गरिएको छ। समावेशी विज्ञापनबाट यस अवधिमा कुल १ हजार ५६ जना उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्। जसमा महिलातर्फ ३ सय ६५, आदिवासी/जनजातितर्फ २ सय ७३, मधेशीतर्फ २ सय ३३, दलिततर्फ ९६, अपाङ्गतर्फ ४६ र पिछडिएको क्षेत्रतर्फ ४३ उम्मेदवार सिफारिस भएका छन्। प्रतिवेदन अवधिसहित विगत १८ वर्षमा सबै समावेशी समूहबाट गरी कुल २६ हजार २ सय ७४ उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्। आर्थिक वर्ष २०८१/०८२ मा सबै समावेशी समूहका उम्मेदवार खुला विज्ञापनतर्फका प्रतिस्पर्धामा समेत सिफारिस भएका छन्।
- आर्थिक वर्ष २०७३/०७४ देखि नै आयोगले सुरक्षा निकाय तथा सङ्गठित संस्थाहरूको पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालन गर्दै आएको छ। हाल पाँच ओटा सेवा आयोग तथा सभा, चार ओटा सुरक्षा निकाय र ९९ ओटा सङ्गठित संस्थाहरूको पदपूर्ति प्रक्रियामा आयोगको प्रतिनिधित्व रहेको छ।
- प्रतिवेदन अवधिमा आयोगबाट नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल गरी तीन ओटा सुरक्षा निकाय र ४० ओटा सङ्गठित संस्थाका १७ हजार ४ सय ९२ पदमा पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्न सहमति प्रदान गरिएको छ। यस अवधिमा गत आर्थिक वर्षमा सहमति प्रदान गरिएका चार ओटा सुरक्षा निकायका परीक्षामा ३० हजार ६ सय ३७ र ३२ ओटा सङ्गठित संस्थाका परीक्षामा २ लाख ६५ हजार १ सय ९२ वटा दरखास्त परेकोमा

सुरक्षा निकायतर्फ ६७.३४ प्रतिशत र सङ्गठित संस्थातर्फ ४३.८३ प्रतिशत उम्मेदवारको परीक्षामा उपस्थिति रहेको थियो। आयोगबाट सञ्चालित चार सुरक्षा निकाय र ३३ सङ्गठित संस्थाका ७ सय २८ विज्ञापनका लिखित परीक्षाबाट २१ हजार ६ सय ७० उम्मेदवार छनोट गरी अन्तर्वार्ताका लागि सम्बन्धित निकायको पदपूर्ति समितिमा पठाईएको छ ।

- ❖ प्रतिवेदन अवधिमा कर्मचारी सेवा शर्तसम्बन्धी कानुन, विभागीय सजाय आदि विषयमा विभिन्न निकायका लागि कुल २२ ओटा परामर्श प्रदान गरिएको छ । विभिन्न बढुवा समितिहरूबाट बढुवा सम्बन्धी कुल २ सय ९ ओटा सिफारिस भएकोमा विभिन्न सिफारिसउपर ५९ ओटा उजुरी आयोगमा प्राप्त भै उजुरीसम्बन्धी कारबाही पश्चात विभिन्न तीन ओटा बढुवा सिफारिस संशोधन गर्ने गरी निर्णय भएको छ । त्यस्तै राजपत्राङ्कित श्रेणीतर्फ दुई र राजपत्र अनङ्कित श्रेणीतर्फ चार गरी कुल छ जना निजामती कर्मचारीलाई विभिन्न विभागीय सजाय गर्ने गरी परामर्श प्रदान गरिएको छ। यसरी सजायका लागि परामर्श प्रदान गरिएकामध्ये सबैभन्दा बढी तीन जना नायब सुब्बा वा सो सरह पदका कर्मचारी रहेका छन् ।
- ❖ प्रतिवेदन अवधिमा इञ्जिनियरिङ्ग सेवातर्फ आठ र स्वास्थ्य सेवातर्फ दुई गरी जम्मा १० ओटा पदको पाठ्यक्रम निर्माण एवम् परिमार्जन भएको छ। त्यस्तै गरी तीन ओटा सुरक्षा निकायतर्फ चार ओटा र २५ ओटा सङ्गठित संस्थाका विभिन्न ४ सय ३५ ओटा गरी कूल ४ सय ४९ ओटा पाठ्यक्रमहरू परिमार्जन एवम् निर्माण भएका छन् ।
- ❖ आयोगले यस प्रतिवेदनमा विगत चार वर्षमा आयोगका प्रतिवेदनमार्फत् दिइएका सुझावहरुको कार्यान्वयनको अवस्था उल्लेख गरेको छ । साथै प्रशासनिक संघीयतालाई प्रभावकारी कार्यान्वयन गर्न अविलम्ब संघीय निजामती सेवा ऐन जारी गर्नुपर्ने, कर्मचारीहरुलाई दुर्गम स्थानमा रहेर काम गर्न उत्प्रेरित गर्न र मनोबल बढाउन पदोन्नतिको लागि दुर्गम क्षेत्रको अनुभवलाई अनिवार्य तुल्याउने लगायत विभिन्न सुविधा प्रदान गर्ने, विभिन्न सङ्गठित संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराउने सेवा सुविधाहरूलाई अर्थ मन्त्रालयको सहमतिमा न्यूनतमरूपमा एकरूपता कायम गर्ने, विभिन्न विश्वविद्यालयका सेवामा रिक्त पदहरुको पदपूर्ति कार्य व्यवस्थित गर्न एकल विश्वविद्यालय सेवा आयोग गठन गर्ने, राज्यको मूलप्रवाहमा प्रतिनिधित्व हुन नसकेका र नेपालको संविधानले सामाजिक न्यायको हक प्रदान गरेका वर्ग र समुदायलाई राज्यकोतर्फबाट सशक्तिकरण कार्यक्रम सञ्चालन गरी प्रतिनिधित्व हुने अवस्थामा ल्याउनु पर्ने, लोक सेवा आयोगको आर्थिक र प्रशासनिक स्वायत्ततालाई सुनिश्चित गरिनुपर्ने लगायत विभिन्न १० ओटा विषयमा सुझाव समेत प्रस्तुत गरेको छ ।
- ❖ प्रतिवेदन अवधिमा लोक सेवा आयोग नियमावली, २०७९ (संशोधन सहित) को नियम २३ मा २३क. र २३ख. थप भई सङ्गठित संस्थातर्फ एकै तह वा श्रेणीका लागि फरक फरक सेवा, समूह, उपसमूह, शैक्षिक योग्यता, अनुभव,

सीप तथा पदनाम भएतापनि सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरह पद, सहायकस्तर प्रथम श्रेणी, नायब सुब्बा वा सो सरह वा पाँचौ तह वा सो सरह पद र शाखा अधिकृत वा सो सरह वा छैठौं तह वा सातौं तह वा सो सरह पदको लागि एकीकृत पूर्वयोग्यता परीक्षा सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०८२/०८३ मा सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरह पदको पूर्वयोग्यता परीक्षा सञ्चालन हुने भएको छ।

- ❖ आयोगबाट यस अवधिमा निजामती सेवा, सुरक्षा निकाय तथा सगठित संस्थासहित अन्य सार्वजनिक सेवामा कर्मचारी भर्ना र छनोट कार्य कुशल ढङ्गले सम्पादन गर्न आयोगबाट "योग्य, क्षमतावान र दक्ष जनशक्तिको छनोट र परिचालन मार्फत राष्ट्रको समग्र उन्नती" गर्ने दूरदृष्टी सहितको दोस्रो रणनीतिक योजना (२०८०/०८१-२०८३/०८४) कार्यान्वयनमा रहेको छ।
- ❖ २०८२ असारदेखि २०८३ जेठ मसान्तसम्मको अवधिलाई हीरकजयन्ती वर्ष मनाउँने घोषणा गर्दै आयोगले आफूले अवलम्बन गरेका मान्यता, सिद्धान्त र कार्यप्रणालीलाई सरोकारवाला समक्ष सम्प्रेषण गर्न लोक सेवा आयोग बाह्य पहुँच (Outreach) कार्यक्रम मुलुकका सबै जिल्लामा पुग्ने गरी सञ्चालन गर्ने निर्णयसमेत भएको छ। हीरकजयन्ती वर्षको अवसरमा सरोकारावालासँगको सम्बन्ध र सहकार्यलाई थप सुदृढ र प्रभावकारी तुल्याउन विभिन्न समन्वयात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरी प्रतिभावान युवापुस्तालाई सार्वजनिक सेवामा आकर्षण पैदा गर्ने प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय समेत गरेको छ।

आयोगको वार्षिक प्रतिवेदन पेश गर्ने कार्यक्रममा आयोगका पदाधिकारीहरु, सम्माननीय राष्ट्रपतिज्यूका सल्लाहकार, लोक सेवा आयोग तथा राष्ट्रपति कार्यालयका सचिव, सम्वद्ध अन्य कर्मचारीहरु एवम् सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।

गीताकुमारी होमेगाई
सहसचिव/प्रवक्ता

२०८२ साल असोज ५ गते, आइतबार
कमलपोखरी, काठमाडौं।